# संघीय संसद

# प्रतिनिधि सभा, २०७९

चौथो अधिवेशन

बैठक संख्या - ६

# दैनिक कार्यसूची

२०८१ जेठ ८ गते, मंगलबार

विहान ११:०० बजे

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र**

१. सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार थप सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

**बैठकको अध्यक्षता गर्ने सदस्यहरुको मनोनयन**

२. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १० बमोजिम बैठकको अध्यक्षता गर्न माननीय सदस्यहरुको मनोनयन गर्नुहुने ।

**टेबुल गरिने**

३. सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्माननीय राष्ट्रपतिले गर्नुभएको सम्बोधनको प्रति टेबुल गर्नुहुने ।

**धन्यवाद प्रस्ताव**

४. सम्माननीय सभामुखले निम्नलिखित धन्यवादको प्रस्ताव प्रस्तुत गर्नुहुने :-

*"सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०८१ जेठ १ गते मंगलबारका दिन गर्नुभएको सम्बोधनको लागि प्रतिनिधि सभाको यो बैठक सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्दछ ।"*

**समितिको प्रतिवेदन पेश**

५. शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका माननीय सभापति अम्मरबहादुर थापाले "सुरक्षण मुद्रण सम्बन्धी विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०८०" पेश गर्नुहुने ।

**अध्यादेश पेश**

६. माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले "लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" पेश गर्नुहुने ।

**व्यवस्थापन कार्य**

७. माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री रबि लामिछानेले "राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८०" लाई फिर्ता लिने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

८. माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठले राष्ट्रिय सभामा उत्पत्ति भएको "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

९. माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भानुभक्त जोशीले "संघीय निजामति सेवा विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

१०. माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले राष्ट्रिय सभामा उत्पत्ति भएको "विद्युतीय व्यापार विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

पद्म प्रसाद पाण्डेय

महासचिव